नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

(शिक्षक व्यवस्थापन समन्वय शाखा)

सानोठिमी, भक्तपुर

पत्र संख्या :- २०७८।७९ शि.व्य.
चलानी नं. :- ३६

मितिः २०७८।०४।२८

विषयः बढुवा प्रयोजनको लागि रिक्त दरबन्दी विवरण पठाउने सम्बन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ,

सबै ।

प्रस्तुत विषयमा गत आर्थिक वर्षको चैत्र मसान्त सम्मको बढुवाको लागि रिक्त श्रेणीगत दरबन्दी विवरण ( प्रा.वि., नि.मा.वि. र मा.वि) शिक्षक सेवा आयोग मार्फत विज्ञापन प्रयोजनको लागि माग भएकोमा सो विवरणमा अद्यावधिक गरी वि.स. २०७८ साल चैत्र मसान्त सम्म रिक्त हुने (पछि फरक नपर्ने गरी) श्रेणीगत दरबन्दीको विवरण तपसिलमा उल्लेखित ढाँचा बमोजिम २०७८।०५।१० गते भित्र अनिवार्य रुपमा यस केन्द्रको teachermgt.cehrd@gmail.com मा पठाइदिनु हुन अनुरोध छ । जिल्लाले उक्त विवरण एकीन गरी राख्नु हुन र सोही रिक्त दरबन्दीमा बढुवा हुने शिक्षक पदस्थापना हुने व्यहोरा समेत निर्देशानुसार अनुरोध छ ।

बसन्तप्रसाद कोइराला
निर्देशक

**तपसिलः**

१) दरबन्दी कट्टा हुने जिल्लाहरु तेह्रथुम, काठमाण्डौ, भक्तपुर, ललितपुर, पाल्पा, मनाङ, मुस्ताङ, लम्जुङ, म्याग्दी, पर्वत, कास्की, स्याङ्जा, तनहुँ, अर्घाखाँची र डोल्पा जिल्लाहरुको हकमा हाल सम्म कटौती भएको दरबन्दी कट्टा गरी जिल्लामा बाँकी रहने दरबन्दीहरुको आधारमा शिक्षा नियमावली २०५९ को नियम ८९ बमोजिमको बढुवा हुने श्रेणीगत संख्या एकीन गरी रिक्त रहेको प्रथम र द्वितिय श्रेणीको विवरण विज्ञापनको लागि पठाउनु हुन ।

२) रिक्त स्थायी दरबन्दी थप भएका उदयपुर, सिन्धुली, मकवानपुर, दोलखा, नुवाकोट, धादिङ, नवलपरासी पूर्व, बाग्लुङ, जाजरकोट जिल्लाहरुको हकमा यस पत्र अनुसारको विवरण पठाउँदाको मिति सम्म यस केन्द्रबाट दरबन्दी थप भएका र जिल्ला भित्रका मौजुदा स्थायी दरबन्दी समेतको आधारमा शिक्षा नियमावली २०५९ को नियम ८९ बमोजिम बढुवा हुने दरबन्दीको श्रेणीगत विवरण एकीन गरी रिक्त हुने श्रेणीगत संख्या माग गरी पठाउनु हुन ।

३) बुदाँ (१) र (२)मा उल्लेख भएको जिल्लाहरु बाहेक अन्य जिल्लाहरुको हकमा वि.स. २०७८ चैत्र मसान्त सम्मको रिक्त हुने श्रेणीगत बढुवाका पदहरुलाई समेत गणना गरी तोकिएकै मिति भित्र आइपुग्ने गरी विवरण पठाउनु हुन ।

४) तोकिएको मिति भित्र विवरण प्राप्त नभएमा वा विववरण फरक परेमा सो को जिम्मेवारी सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइले नै लिनु पर्ने भएकोले पछि फरक नपर्ने गरी जिल्लाको कायम रहेको तहगत दरबन्दी र त्यसको आधारमा शिक्षा नियमावलीको नियम ८९ अनुसारको श्रेणी कायम गरी ति श्रेणी मध्ये रिक्त रहेको विवरण तपसिलमा उल्लेखित ढाँचामा विज्ञापन प्रयोजनको लागि पठाउनु हुन ।

फोन नं. : ६६३४१७८, ६६३४१७९, ६६३४१८०, ६६३१०७५, ६६३१९७१, ६६३१९७४, ६६३३६२५, ६६३३०२८, फ्याक्स नं. : ६६३१९७२, ६६३१९७३, ६६३३६२४
वेभसाइट : www.doe.gov.np, इमेल : ~~doestat@mos.com.np, doedg@mos.com.np~~
(teachermgt.cehrd@gmail.com)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
(.......................................................शाखा)
सानोठिमी, भक्तपुर

पत्र संख्या :-
चलानी नं. :-

५) श्रेणीगत रुपमा बढुवाको लागि रिक्त दरबन्दी विवरण पठाउँदा पत्र पठाउदाँको मिति सम्मको रिक्त विवरण र सो पछि वि.स. २०७८ साल चैत्र मसान्त सम्म रिक्त हुने श्रेणीगत दरबन्दीको विवरण तपसिलको ढाँचामा अलग अलग पठाउनु हुन अनुरोध छ ।

विवरण पठाउने ढाँचाः

जिल्ला :

(क) बढुवा प्रयोजनको लागि रिक्त श्रेणीगत विवरण पठाउने ढाँचा

| क्र.स. | तह | प्रथम श्रेणी (जम्मा सख्या) | द्वितिय श्रेणी (जम्मा सख्या) | २५ प्रतिशत | ७५ प्रतिशत |
|---|---|---|---|---|---|
| | | | | संख्या | संख्या |
| १ | प्राथमिक | | | | |
| २ | निम्नमाध्यमिक | | | | |
| ३ | माध्यमिक | | | | |

कटिवाल
०७८।४।२५

फोन नं. : ६६३४१७८, ६६३४१७९, ६६३४१८०, ६६३१०७५, ६६३१९७१, ६६३१९७४, ६६३३६२५, ६६३३०२८, फ्याक्स नं. : ६६३१९७२, ६६३१९७३, ६६३३६२४
वेभसाइट : www.doe.gov.np, इमेल : ~~doestat@mos.com.np, doedg@mos.com.np~~
teachermgt.cehrd@gmail.com